(ग) स्थानीय तहको अधिकार क्षेत्र भित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण कार्य वा आयोजना सम्बन्धी प्रस्तावको वातावरणीय प्रभाव मुल्याङ्कनसँग सम्बन्धित कार्यसूची भए सम्बन्धित स्थानीय तहको सिफारिस सहित मन्त्रालय समक्ष।

(३) यस दफा बमोजिम कार्यसूची तयार गर्दा वातावरणीय प्रभाव मुल्याङ्कन गर्नुपर्ने प्रस्तावको हकमा प्रस्तावकले दफा ४ बमोजिम स्वीकृत क्षेत्र निर्धारण प्रतिवेदन समेतको आधारमा तयार गर्नु पर्नेछ।

तर प्रस्तावकले कुनै प्रस्तावको सम्बन्धमा क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूची बनाई स्वीकृतिको लागि एकै साथ पेश गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिम वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदन सम्बन्धी कार्यसूची पेश भएकोमा सम्बन्धित मन्त्रालय वा स्थानीय तहले आवश्यक जाँचबुझ गरी आफ्नो राय सहित दश दिनभित्र मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(५) उपदफा (२) वा (४) बमोजिम प्रदेश सरकारको क्षेत्राधिकार भित्र पर्ने प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी कार्यसूचीको हकमा सम्बन्धित मन्त्रालय, सम्बन्धित मन्त्रालयबाट प्राप्त र स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदन सम्बन्धी कार्यसूचीको हकमा मन्त्रालयले आवश्यक जाँचबुझ गरी मनासिब लागेमा पेश भए बमोजिम वा आवश्यकता अनुसार परिमार्जन समेत गरी त्यस्तो कार्यसूची प्राप्त भएको मितिले दश दिनभित्र स्वीकृत गर्नु पर्नेछ ।

हकमा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मुल्याङ्कन र प्रारम्भिक वातावरणीय परीक्षणको हकमा वातावरणीय प्रभाव मुल्याङ्कन गर्न प्रस्तावकलाई आदेश दिनु पर्नेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि दफा ८ बमोजिम प्राप्त वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदनको हकमा मन्त्रालयले राय सुझाव संकलन गर्नका लागि पाँच दिनको अवधि तोकी राष्ट्रियस्तरको कुनै एक दैनिक पत्रिकामा सूचना प्रकाशन गरी त्यस्तो प्रतिवेदन उतार (डाउनलोड) गर्न मिल्ने गरी मन्त्रालयको वेबसाइट मार्फत सार्वजनिक गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम सूचना प्रकाशन भएकोमा कुनै व्यक्ति वा संस्थाले आफ्नो कुनै राय सुझाव भए त्यस्तो अवधिभित्र सम्बन्धित निकायमा पठाउन सक्नेछ ।

(८) यस दफामा उल्लिखित प्रक्रिया पूरा गरी प्राप्त राय सुझाव समेतको आधारमा वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ गर्दा त्यस्तो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने नदेखिएमा त्यस्तो वातावरणीय अध्ययन प्रतिवेदनमा प्रस्तावकले पालना गर्नुपर्ने शर्तहरु भए सो समेत उल्लेख गरी देहायको अवधि भित्र उक्त प्रतिवेदन स्वीकृत गर्नु पर्नेछ:-

(क) संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको हकमा सम्बन्धित मन्त्रालयले दश दिनभित्र,

(ख) वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदनको हकमा मन्त्रालयले पन्ध्र दिनभित्र ।

(९) उपदफा (८) को प्रयोजनको लागि दिन गणना गर्दा कुनै विषयमा थप स्पष्ट गर्न लेखी पठाएको वा थप कागजात माग

पर्नेछ र त्यस्तो सूचना प्रस्तावकको वेब साइट भएमा सोमा समेत प्रकाशन गर्नु पर्नेछ ।

१२. **प्रस्ताव कार्यान्वयन गर्नुपर्नेः** (१) प्रस्तावकले कुनै प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भएको मितिले दुई वर्षभित्र त्यस्तो प्रस्ताव कार्यान्वयन प्रारम्भ गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष परिस्थिति सिर्जना भई सो अवधिभित्र प्रस्तावको जुनसुकै कुरा लेखिएको भए तापनि विशेष परिस्थिति सिर्जना भई सो अवधिभित्र प्रस्तावको कार्यान्वयन प्रारम्भ हुन सक्ने अवस्था नभएकोमा सम्बन्धित प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने निकाय समक्ष म्याद थपको लागि निवेदन दिनु पर्नेछ र त्यस्तो निवेदनको व्यहोरा मनासिब लागेमा सो निकायले बढीमा छ महिनाको अवधि थप गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिमको अवधि भित्र प्रस्ताव कार्यान्वयन प्रारम्भ नगर्ने प्रस्तावकले यस ऐन बमोजिम त्यस्तो प्रस्तावको पुनः वातावरणीय अध्ययन गरी वातावरणीय अध्ययन प्रतिवेदन पेश गर्नु पर्नेछ ।

१३. **प्रदेशस्तरीय रणनीतिक वातावरणीय विश्लेषणः** (१) प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले प्रदेशस्तरीय रणनीतिक वातावरणीय विश्लेशषण गर्नुपर्ने नीति, कार्यक्रम वा योजनाको सूची तयार गरी प्रदेश सरकार (मन्त्रिपरिषद्) समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त रणनीतिक वातावरणीय विश्लेशषण गर्नुपर्ने नीति, कार्यक्रम वा योजनाको सूची प्रदेश सरकार (मन्त्रिपरिषद्) ले स्वीकृत गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको सूची अन्तर्गत पर्ने कुनै नीति, कार्यक्रम वा योजना सञ्चालन गर्ने सन्दर्भमा रणनीतिक वातावरणीय

विश्लेशषण गर्ने प्रयोजनको लागि सम्बन्धित मन्त्रालयले सोको क्षेत्र निर्धारण प्रतिवेदन तयार गरी सहमतिका लागि मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त क्षेत्रनिर्धारण प्रतिवेदन अध्ययन गर्दा व्यहोरा मनासिब लागेमा मन्त्रालयले त्यस्तो प्रतिवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र सहमति प्रदान गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम मन्त्रालयको सहमति प्राप्त भएपछि सम्बन्धित मन्त्रालयले सो सहमति समेतलाई समावेश गरी तयार गरेको क्षेत्रनिर्धारण प्रतिवेदन स्वीकृतिका लागि प्रदेश सरकार (मन्त्रिपरिषद्) समक्ष पेश गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम पेश भएको क्षेत्रनिर्धारण प्रतिवेदन प्रदेश सरकार (मन्त्रिपरिषद्) ले स्वीकृत गरेमा सो प्रतिवेदनको आधारमा सम्बन्धित मन्त्रालयले रणनीतिक वातावरणीय विश्लेशषण प्रतिवेदन तयार गरी सो उपर राय सुझाव संकलन गर्नका लागि पन्ध्र दिनको अवधि तोकी राष्ट्रियस्तरको कुनै एक दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो प्रतिवेदन उतार (डाउनलोड) गर्न मिल्ने गरी सो मन्त्रालयको वेबसाइट मार्फत सार्वजनिक गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम सूचना प्रकाशन भएकोमा कुनै व्यक्ति वा संस्थाले सो प्रतिवेदनको सम्बन्धमा आफ्नो कुनै राय सुझाव भए समय भित्र सूचना प्रकाशन गर्ने मन्त्रालयमा पठाउन सक्नेछ ।

(८) उपदफा (७) बमोजिम प्राप्त राय सुझाव समेतको आधारमा सम्बन्धित मन्त्रालयले रणनीतिक वातावरणीय विश्लेशषण प्रतिवेदन तयार गरी सहमतिको लागि मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(९) उपदफा (८) बमोजिम प्राप्त रणनीतिक वातावरणीय विश्लेशषण प्रतिवेदन अध्ययन गर्दा व्यहोरा मनासिब लागेमा मन्त्रालयले आवश्यक राय सुझाव सहित बढीमा पन्ध्र दिनभित्र सहमति उपलब्ध गराउनु पर्नेछ ।

(१०) उपदफा (९) बमोजिम मन्त्रालयबाट सहमति प्राप्त भएमा सम्बन्धित मन्त्रालयले त्यस्तो रणनीतिक वातावरणीय विश्लेशषण प्रतिवेदन स्वीकृतिका लागि प्रदेश सरकार (मन्त्रिपरिषद्) समक्ष पेश गर्नु पर्नेछ ।

(११) उपदफा (१०) बमोजिम पेश भएको रणनीतिक वातावरणीय विश्लेशषण प्रतिवेदन प्रदेश सरकार (मन्त्रिपरिषद्) ले स्वीकृत गर्न सक्नेछ ।

(१२) रणनीतिक वातावरणीय विश्लेशषण सम्बन्धी आधार **अनुसूची-१५** मा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद-३

## कोष तथा परिषद्

१४. **कोषको स्थापना र सञ्चालनः** (१) वातावरणको संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रण, जलवायु परिवर्तन व्यवस्थापन, सम्पदाको संरक्षणका लागि प्रदेश वातावरण संरक्षण कोष नामको एउटा कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन्ः-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त रकम,

(ख) स्वदेशी संघ संस्था वा व्यक्तिबाट प्राप्त रकम,

## अनुसूची-१४
## (दफा ८ को उपदफा (५) सँग सम्बन्धित)

## सिफारिसपत्रको ढाँचा

कार्यालयको नाम, ठेगाना                कार्यालयको फोन नं.
कार्यालको छाप

मितिः ....................

विषयः राय सुझाव सहित सिफारिस गरिएको बारे ।

श्री.......................................कार्यालय/निर्देशनालय/मन्त्रालय
ठेगाना............................................... वा
श्री------------------------(प्रस्तावक)
ठेगाना--------------------------

प्रस्तुत विषयमा ........... कार्यालयको/निर्देशनालयको/मन्त्रालयको मिति ..................को प्रकाशित सूचना र/वा............ मितिको सार्वजनिक सुनवाई अनुसार कार्यान्वयन हुने ......................... विषयको प्रस्तावबाट यस क्षेत्रमा निम्नानुसारको वातावरणीय प्रभाव पर्न जाने देखिन्छः-

(क) सकारात्मक प्रभावः

(ख) नकारात्मक प्रभावः

उल्लिखित प्रभावको आधारमा सकारात्मक प्रभाव अभिवृद्धि गर्ने र नकारात्मक प्रभाव न्यून गर्ने वातावरणीय व्यवस्थापनको योजना कार्यान्वयन गर्दा उल्लिखित प्रस्तावको सकारात्मक प्रभाव/नकारात्मक प्रभाव बढी हुने देखिएकोले उल्लिखित प्रस्ताव निम्न आधारमा कार्यान्वयन गर्न मिल्ने/नमिल्ने व्यहोरा उल्लेख गरी यो सिफारिस गरिएको छ ।

प्रस्ताव कार्यान्वयन गर्न मिल्ने आधार वा प्रस्ताव कार्यान्वयन गर्न नमिल्ने आधार

